म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- १११ २०८० फागुन २७ गते आइतबार 10 March 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेंलो लागेको देखिएमा सबै समुदाय मिली तत्काले डढेंलो निभाऔं । डढेंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## प्रधानमन्त्रीले विश्वासको मतपछि मात्रै बागमतीमा सरकारबारे छलफल

हेटौंडाः केन्द्रमा सत्ता गठबन्धन फेरबदल भएपछि बागमतीमा नयाँ सरकार गठन गर्ने कि अहिलेकै सरकारमा एमाले सहभागी हुने भन्ने बहस सुरु भएको छ। सरकारको नेतृत्व गरेको नेकपा माओवादी केन्द्र अहिलेकै सरकारमा एमाले सहभागी हुने बताउँछ भने ने एमाले नेताहरु सरकारको नेतृत्वबारे नै छलफल हुनुपर्ने बताउँछन् ।

दुई दलबीच प्रदेशस्तरमा सरकारको विषयमा छलफल सुरु भएको छैन । दुबै दल सत्ता गठबन्धनको केन्द्रीय निर्णय कुरेर बसेका छन् । बागमती प्रदेशसभाका एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले केन्द्रबाटै मुख्यमन्त्रीको भागबण्डा हुने बताउँछन् । 'केन्द्रबाटै कुनै निर्णय आउनुपर्छ । मुख्यमन्त्रीकै भागबण्डा भइसकेको छैन । उताबाट टुंगिएपछि प्रदेशमा गृहकार्य गर्छौं', उनले भने, 'प्रधानमन्त्रीको विश्वासको मतपछि सरकार गठनमा तीव्रता दिन्छौं ।'

यसअघि १० पुस २०७९ मा केन्द्रमा एमाले-माओवादीसहितको गठबन्धन बन्दा बागमतीमा एमालेकै समर्थनमा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल मुख्यमन्त्री बनेका थिए । एमाले नेताहरु भने त्यतिबेला जम्कट्टेल २ वर्ष मुख्यमन्त्री रहने र त्यसपछि एमालेले सरकारको नेतृत्व गर्ने गरी सहमति भएको बताउँछन् । अहिले नयाँ गठबन्धन बनेपछि मुख्यमन्त्रीकै विषयमा छलफल हुनुपर्ने उनीहरुको भनाइ छ ।

नेकपा माओवादी केन्द्रले भने केन्द्रमा प्रदेशका मुख्यमन्त्रीका विषयमा छलफल हुँदा बागमती माओवादी केन्द्रकै भागमा पर्ने बताएको छ । नेकपा माओवादी केन्द्र संसदीय दलका मुख्य सचेतक रत्नप्रसाद ढकाल भन्छन्, 'मुख्यमन्त्री छोड्ने कुरा हुँदैन । गठबन्धनमा पनि मुख्यमन्त्री माओवादीले पाउने गरी सकारात्मक कुरा भएको छ ।'

मुख्यमन्त्रीमा नेकपा (एकीकृत समाजवादी)ले पनि दाबी गरेको छ । अन्य प्रदेशमा एकीकृत समाजवादीको सरकार नरहेकाले बागमतीको मुख्यमन्त्रीमा दाबी रहने उक्त पार्टीका नेताहरु बताउँछन् । सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएपछि मात्रै प्रदेश सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताए । सत्ता समीकरण फेरिएपछि बागमतीमा सरकारबाट नेपाली कांग्रेस बाहिरिएको छ भने मुख्यमन्त्रीलाई दिएको समर्थन पनि फिर्ता लिएको छ । अब मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभामा विश्वासको मत लिनुपर्छ ।

११० सदस्यीय प्रदेशसभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ प्रदेशसभा सदस्य छन् ।

सत्ता गठबन्धनमा रहेका दल एमाले, माओवादी र एकीकृत समाजवादीले मात्र बागमतीमा सरकार गठनका लागि बहुमत पुऱ्याउन सक्दैनन् । उनीहरुको सांसद संख्या जोड्दा ५५ मात्र पुग्छ । त्यसपछि सरकार बनाउन कम्तीमा २ सिट भएको हाम्रो नेपाली पार्टीको समर्थन आवश्यक पर्छ । हाम्रो नेपाली पार्टीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिएको थियो । नयाँ परिस्थितिमा भने उसको निर्णय आएको छैन । *(स्रोतः अनलाइनखबर)*

### किताबघरको वार्षिकोत्सव

## पठन संस्कृतिबारे बहस, विद्यार्थी कविता प्रतियोगिता




*पठन संस्कृतिबारे बहसमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित किताबघरले पहिलो वार्षिकोत्सवको अवसरमा पठन संस्कृतिबारे बहस तथा विद्यालयस्तरीय कविता प्रतियोगिता आयोजना गरेको छ । शनिबार हेटौंडामा भएको "विद्यालयमा पठन संस्कृतिः के, किन र कसरी पढ्ने" शीर्षकको बहसमा लेखक, साहित्यकार नयनराज पाण्डे, न्यू मिलेनियम स्कूलकी कविता अर्याल र निजी तथा आवासीय विद्यालय अर्गजनाइजेसन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी सहभागी हुनुहुन्थ्यो ।

न्यू मिलेनियम स्कूलकी कविता अर्यालले आफ्नो विद्यालयको विशेषताको विषयमा व्याख्या गर्नुपर्दा व्यवस्थित पुस्तकालयको चर्चा गर्ने गरेको र अभिभावकलाई अन्य सुविधाभन्दा पनि पुस्तकालय देखाउने गरेको बताउनुभयो । पठन संस्कृति अनिवार्य भएकोले पाठ्यक्रमभन्दा बाहिरका पुस्तक पढ्दा पढ्ने बानीको विकास भई पाठ्यक्रमका पुस्तक सहज हुने बताउनुभयो । साहित्यकार, लेखक नयनराज पाण्डेले बालबालिबाललाई पढ्न प्रेरित गर्ने आकर्षक पाठ्यपुस्तक गुण र संख्या दुबै हिसाबले कम रहेको उल्लेख गर्नुभयो । उहाँले आफू बालसाहित्यमा लेख्न रुचि राखे पनि लेख्ने आँट भने नआएको बताउनुभयो । बहसमा सहभागी प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले विद्यालयमा मात्रै नभई समुदायमा पनि पुस्तकालयको स्थापना र प्रयोगलाई बढाउन सके पठन संस्कृतिको विकास हुने धारणा राख्नुभयो ।

यसैबीच किताबघरले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा हेटौंडा-५ स्थित जिएस निकेतन माविकी आकांक्षा निरौला, हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविकी गृष्मा खतिवडा र हेटौंडा-९ स्थित हेटौंडा मोर्डन स्कूलकी सुमिसा श्रेष्ठका कविता उत्कृष्ट घोषित गर्दै पुरस्कृत गरिएको थियो । प्रतियोगितामा सहभागी मध्ये उत्कृष्ट १० मा पर्न सफल सहभागीलाई सहभागिताको प्रमाणपत्रसहित एक/एक थान पुस्तक प्रदान गरिएको थियो । कार्यक्रममा पाठकको प्रतिक्रिया समेत प्रस्तुतीको अवसर दिइएको थियो । कार्यक्रममा सहभागी पाठकले फरक र विविध विषयका पुस्तक उपलब्ध गराएर किताबघरले पठन संस्कृतिको विकासमा सहयोग पुऱ्याएको बताएका थिए ।

## विकास निर्माणमा व्यवस्थापकीय पाटो महत्वपूर्ण

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले विकास निर्माणमा व्यवस्थापकीय पाटो महत्वपूर्ण हुने बताउनुभएको छ । शनिबार हेटौंडामा नेपाल व्यवस्थापन संघ बागमती प्रदेश च्याप्टर कार्यालय उद्घाटन गर्नुहुँदै मन्त्री मोक्तानले व्यवस्थापनको पक्षलाई ध्यान दिन आवश्यक रहेको औंल्याउनुभयो ।

मन्त्री मोक्तानले कुराभन्दा पनि काम गर्नु पर्ने र काम परिणाम आउने खालको हुनुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारले संघलाई सहयोग गर्ने आश्वासनसमेत उहाँले दिनुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले देशमा संघीयता लागू भए तापनि संघीय व्यवस्थाअनुरुप काम हुन नसकेकोमा दुःख व्यक्त गर्नुभयो । व्यवस्थापकीय पक्षले काम गरे विकास निर्माणमा सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । देशमा समानुपातिक प्रणालीमा सही तरिकाले काम गर्न नसकेकोप्रति उहाँले आपत्ति जनाउनुभयो ।

करिब चार दशकअघि स्थापना भएको संघले सातवटै प्रदेशहरुमा समेत कार्यालयहरु स्थापना गरी देशभर व्यवस्थापन शिक्षा, तालिम, परामर्श, अध्ययन तथा अनुसन्धान सेवा उपलब्ध गराउने लक्ष्यअनुरुप बागमती प्रदेशको राजधानी हेटौंडामा बागमती प्रदेश च्याप्टर कार्यालयको शुभारम्भ गरिएको नेपाल व्यवस्थापन संघ केन्द्रीय अध्यक्ष मोहनराज ओझाले जानकारी दिनुभयो । सरकारी र निजी क्षेत्रलाई विभिन्न तहबाट सहयोग गर्दै व्यवस्थापन संघले ४२ वर्ष पार गरेको जानकारी उहाँले गराउनुभयो ।

संस्थामा हाल ४ हजार मानिस आवद्ध रहेको बताउँदै ३ सयभन्दा धेरैले विद्यावारिधी उपाधि हासिल गरिसकेको अध्यक्ष ओझाले जानकारी दिनुभयो । संस्थाले सरकारलाई प्रिबजेट छलफलको समयमा संस्थागतरुपमा सहयोग गर्दै आएको बताउँदै प्रदेश सरकार स्थापना भएपश्चात् प्रदेश सरकार र स्थानीय सरकारसँग काम गर्न प्रदेशमा नै कार्यालय स्थापना गरिएको उहाँले बताउनुभयो । राज्यको सम्पूर्ण प्रणालीमा भएको कमजोरीले देशमा समस्या आउने उहाँको भनाइ छ । सरकार र निजी क्षेत्रमा विभिन्न तवरबाट कार्य गर्न, विकास निर्माण गर्न सल्लाह सुझाव दिने नेपाल व्यवस्थापन संघ भएको अध्यक्ष ओझाले जानकारी दिनुभयो ।

नेपाल व्यवस्थापन संघ बागमती प्रदेशमा ९ सदस्यीय तदर्थ समितिसमेत गठन भएको छ । समितिको अध्यक्षमा सुदर्शनप्रसाद अधिकारी चयन हुनुभएको छ । समितिको उपाध्यक्षमा विजयकुमार वैद्य, सचिवमा तुलसी रिजाल र कोषाध्यक्षमा नुररानी ढुङ्गेल प्याकुरेल चयन हुनुभएको छ । सदस्यमा विनोद साह, प्रद्युम्न उपाध्याय, साँग्रीला श्रेष्ठ, दीपक पराजुली र रवि अग्रवाल रहनुभएको छ । कार्यसमितिको कार्यकाल २ वर्षको रहनेछ ।

नवगठित कार्यसमितिलाई नेपाल व्यवस्थापन संघ केन्द्रीय अध्यक्ष ओझाले शनिबार नै शपथग्रहण गराउनुभएको थियो । कार्यालय उद्घाटन कार्यक्रममा बागमती प्रदेश उद्योग संघका अध्यक्ष लेखराज पोखरेल, उपाध्यक्ष स्वागतराज प्याकुरेललगायतको उपस्थिति रहेको थियो ।

## शिक्षा राज्यको मेरुदण्ड हुनुपर्छः महासचिव शाही

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय महासचिव हंशबहादुर शाहीले शिक्षा राज्यको मेरुदण्ड हुनुपर्ने बताउनुभएको छ । शनिबार हेटौंडामा आयोजित संगठनको मकवानपुर जिल्लास्तरीय कार्यशाला तथा नेतृत्व विकास तालिममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

अहिले शिक्षा क्षेत्रमा सरकारको लगानी कम भइरहेको उहाँले बताउनुभयो । शिक्षामा लगानी नगरी समृद्ध राष्ट्रको परिकल्पना गर्न नसकिने उहाँले बताउनुभयो । शिक्षामा सोचअनुरुप लगानी नहुँदा शिक्षा प्रणालीमा सोचेजस्तो परिणाम नआइरहेको उहाँले बताउनुभयो । उहाँले नेपालको शिक्षक सेवा आयोग पनि संवैधानिक बन्न नसकेको बताउनुभयो ।

अन्य देशहरुमा शिक्षामा प्राथमिकता दिएर लगानी गरेकै कारण चाँडै विकसित भएको उहाँको भनाइ छ । उहाँले शिक्षक महासंघले शिक्षक हितका लागि थप गर्न आवश्यक रहेको बताउनुभएको छ । संगठनका शिक्षकहरुले सबै विद्यालयका शिक्षकहरुको नेतृत्व विकासका लागि काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले हालको संगठनको अवस्थाबारे जानकारी दिनुहुँदै मधेश प्रदेशबाहेक सबै प्रदेशमा कमिटी गठन भएर काम गरिरहेको बताउनुभयो ।

तालिममा मकवानपुर जिल्लाभित्रका १० वटा स्थानीय तहका संगठनका पदाधिकारीहरुको सहभागिता रहेको छ । तालिमलाई महासचिव शाहीले सहजीकरण गर्नुभएको हो । संगठनका मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दहालको सभाध्यक्षतामा भएको कार्यक्रममा संगठनका केन्द्रीय सदस्य लक्ष्मी गजुरेल, बागमती प्रदेश महासचिव पूर्ण पुरी, नेकपा एमाले मकवानपुरका जिल्ला सचिव नवीन सिग्देल र पार्टी जनवर्गीय संगठनका मकवानपुर इन्चार्ज हिदम लामालगायतको आतिथ्य रहेको थियो ।

**हार्दिक बधाई**


बिजय कुमार वैद्य


नुररानी ढुङ्गेल

*व्यवस्थापन शिक्षा, तालिम, परामर्श, अध्ययन तथा अनुसनधान सेवा उपलब्ध गराउने उद्देश्यले स्थापित नेपाल व्यवस्थापन संघ बागमती प्रदेश च्याप्टरको उपाध्यक्षमा एम.एम. पोलिमर्स प्रालिका महाप्रबन्धक श्री* ***बिजय कुमार वैद्य*** *र कोषाध्यक्षमा एम.एम. पोलिमर्स प्रालिकी प्लान्ट म्यानेजर श्रीमती* ***नुररानी ढुङ्गेल*** *चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

**एम. एम. पोलिमर्स प्रालि परिवार**

**हेटौंडा औद्योगिक क्षेत्र, मकवानपुर**

## सम्पादकीय

# सम्मानसँगै अवसर दिऔं

शुक्रबार ११४ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ । । सन् १९१० मार्च ८ तारिखदेखि यो दिवस मनाउन थालिएको हो । यस दिवसलाई श्रमिक महिला दिवसको रुपमा समेत मनाउने गरिएको छ । नेपाललगायत विश्वभर हरेक वर्ष यो दिवस मनाउने गरिएको छ । हेटौंडामा पनि विभिन्न कार्यक्रम आयोजना गरेर यो दिवस मनाइएको छ । अखिल नेपाल महिला संघ मकवानपुर ले सप्ताहव्यापी कार्यक्रम गरी नारी दिवस मनाएको छ । रक्तदान, स्लो स्कुटी रेस, श्रमिक महिलालाई खाद्यान्न सहयोग, वक्तृत्वकला, अन्तरक्रिया र सम्मान कार्यक्रम गरेर संघले दिवस मनाएको हो । संघले मकवानपुरका ७ वटा माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई सम्मान गरेको थियो । संघले मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत् गृहमन्त्रीलाई महिलाको हकअधिकार प्राप्ती, लोकतन्त्रको स्थापना, नागरिकको अधिकार प्राप्तीको विभिन्न माग राख्दै मागपत्र बुझाएको छ । महिलाहरु कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बेचबिखन, ओसारपसारका साथै संस्कृति र परम्पराका नाममा हुने हिंसा आधुनिक र प्रविधिको प्रयोगका माध्यमबाट हुने हिंसा आदिबाट पीडित भएको भन्दै घटना नै नघट्ने वातावरण सिर्जना गर्न र घटना घटेको खण्डमा छिटो र प्रभावकारी न्यायका लागि आवश्यक कदम चाली अपराधीलाई उचित दण्ड, पीडितलाई न्याय र उचित क्षतिपूर्तिको व्यवस्था गर्ने कामलाई प्रभावकारी बनाउने व्यवस्था गर्न संघले माग गरेको हो ।

नारी दिवसकै अवसरमा जिल्ला बचत संघ मकवानपुरले “१०१” सहकारी अभियन्ता पुस्तक विमोचन गरेको छ । सहकारीको स्थापना र विकासमा समर्पित ५० जना महिला अभियन्ताहरुको कथा समेटिएको पुस्तक विमोचन गरिएको हो । नारी दिवसकै अवसरमा शुक्रबार ३३ जना महिलालाई सम्मान गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले ५ वटा विधामा ३३ जना महिलालाई सम्मान गरेको हो । उपमहानगरपालिकाको १९ वटा वडाबाट एक-एक जना संघर्षशील महिलालाई सम्मान गरिएको छ । वैदेशिक रोजगारीबाट फर्किएर व्यवसायी बनेका महिलालाई पनि सम्मान गरिएको छ । यस्तै, निर्माण तथा उद्यममा संलग्न महिलालाई पनि सम्मान गरिएको छ । एकल महिला र चुनौतीपूर्ण व्यवसायमा संलग्न महिलासमेत सम्मानित भएका छन् । नारी दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिकाले श्रमजीवी महिलाहरुलाई सम्मानका साथै  खुला हाजिरीजवाफ प्रतियोगिता र नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ ।

महिलाको हक, हित र अस्मिताको लागि शताब्दीऔं अघिदेखि आवाज उठ्ने गरेको भए पनि पछिल्लो एक शताब्दीमा महिलाको आवाज बुलन्द बन्दै आएको छ । संयुक्त राष्ट्र संघीय क्रियाशीलतामा बढेको जागरणको लहरले विश्वभरिकै मुलुकका नारीलाई एकजुट बनाउँदै लगेको छ । यसलाई महिला र अन्य नागरिकमा आएको राजनीतिक सचेतना र आर्थिक क्रियाकलापले पनि सहयोग गर्दै आएको छ । विश्वका सबैजसो देशमा देखिएको राजनीतिक परिवर्तन, आर्थिक समानता, महिलालाई प्राप्त भएका विशेष अधिकारले नारीलाई थप सशक्त बनाउँदै लगेको छ । तर, पनि महिलामाथि हुने हिंसा, शोषण, उत्पीडन, भेदभावका समस्या अझै हटेको छैन ।

नारी स्वयम् जागरुक भएर अगाडि नबढेसम्म अपेक्षित परिणाम प्राप्त नहुने यथार्थबोध हुनुलाई सकारात्मक मान्नुपर्छ । पछिल्लो समय महिलालाई जागरुक बनाउन उत्प्रेरित गर्न विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिँदै आएको छ । यस वर्षको नारी दिवसको अवसरमा पनि हेटौंडामा महिला प्रधानाध्यापक र अन्य महिलालाई सम्मान गरियो । यस्ता सम्मानले महिलालाई केही हदसम्म उत्प्रेरित गर्ने भए पनि उनीहरुलाई हरेक क्षेत्रमा अगाडि बढ्न अवसर दिनु उचित हुनेछ । राजनीतिक परिवर्तन र चेतना वृद्धिसँगै नारीप्रति हेरिने दृष्टिकोण बदलिएको छ । संविधान, कानुन, नीति, नियम आदिमा नारी अनुकूल व्यवस्था कायम भएको छ । तर, नीति निर्माण तह र राज्य सञ्चालनका अंगहरुमा महिला सहभागिता न्यून छ । नारी दिवसको अवसरमा सिमित महिलालाई सम्मान गरेरमात्र आम महिलाको समस्या समाधान हुँदैन । यसका लागि उनीहरुलाई उचित अवसर दिनैपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी  ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : घरयासी काममा समय वयतित हुने समय छ । |
| **वृष** | : प्रतिस्पर्धीहरुलाई परास्त गरिने समय छ । |
| **मिथुन** | : खर्च वृद्धि र परोपकारीमा समय व्यतित होला । |
| **कर्कट** | : हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ । |
| **सिंह** | : परिश्रमले धनागम र खर्च कन्ट्रोल हुने छ । |
| **कन्या** | : अहंकार र आडम्बरबाट जोगिँदा राम्रो होला । |
| **तुला** | : आलस्य त्याग गर्दा विशेष विचारणीय छ । |
| **वृश्चिक** | : नयाँ परियोजनाको काममा सरिक भइएला । |
| **धनु** | : परीक्षा प्रतियोगितामा विजय भइने योग छ । |
| **मकर** | : रोकिएका कामहरु सञ्चालन हुने समय योग छ। |
| **कुम्भ** | : व्यापार-व्यवसाय मध्यमकारक रहने योग छ । |
| **मीन** | : साझेदारी काम र पेशाबाट लाभ प्राप्त होला । |

# उथल पुथल हामी सुरु गर्छौं ...प्रचण्ड कामरेड !



डा. डी.बी. मोक्तान

फागुन २१ गतेको नयाँ सत्तासमिकरणले देशको राजनीतिमा ठुलो हलचल उत्पन्न भएको छ । नेपाली काँग्रेसले सपनामा पनि नसोंचेको यो दुर्घटनाले काँग्रेसी विरासतमा अकल्पनिय तरङ्ग ल्याएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल उर्फ प्रचण्डले मर्नु न बाँच्नुको अवस्थामा पुऱ्याएको छ काँग्रेसीहरुलाई । सत्तामा रमाएका एकथरी काँग्रेसीहरु देउवालाई भगवानकै रुप सम्झी धुपबत्ती चढाउने र अकुत सम्पती कुम्ल्याउनेमै मस्त थियो भने अर्काथरी काँग्रेसीहरु जो सत्ताबाहिर बस्न देउवाले वाध्य बनाएको थियो, खासगरी गगन (गन्नाने) थापा एण्ड कम्पनी मार्का नेताहरुको छाती १४ महिना पहिलेदेखि भतभती पोल्न थालेको थियो । यता प्रचण्डले थन्किसकिएको काण्डको फाइलहरु खोल्दै आफ्ना शत्रुहरुको दोहोलो काडदै थियो। शत्रुहरु आफ्नो लाज ढाकछोप गर्नमै अल्मलिन्थ्यो । त्यहि मौकामा प्रचण्डकै शब्दमा अग्रगामी छलाङ्ग मार्दै प्रचण्ड निरन्तर अघि बढिरहेको थियो । प्रचण्डको एकमात्र अभिष्ट उसको विरुद्ध कसैले चुँसम्म नगरोस । तर काँग्रेस महासमितिको बैठकले प्रचण्डको निन्द्रा हराम बनायो र एकाएक गठबन्धनको ताजमहल ढल्न पुग्यो। २० गते राती १२ बजेसम्म यो गठबन्धन ५ बर्षसम्मै जान्छ भनेर भोजभत्तेरमा रमाएका मन्त्रीहरु भोलिपल्टको चीया नखँदै सरकार विघटनको समाचार यत्रतत्र फैलियो । प्रचण्डको यो खेलले देउवा र माकुनेलाई ४४० भोल्टको झडका लाग्यो भने ओली र रविको भाग्य उदय हुन पुग्यो। रिसको आवेगमा प्रचण्डलाई विपक्षीहरुले तथानाम गालीगलौजका साथै जथाभावी उथलपुथल गरेर हामीलाई रसातलमा पुऱ्यायो । तिमीलाई के फाइदा भो भनेर सरापे ।

प्रचण्ड पनि के कम ? नामै प्रचण्ड । अनि काम प्रचण्ड नहोस त ? उसले पनि मुहतौड जवाफ दिनै पऱ्यो । प्रचण्डले पनि म रहुन्जेल यो देशमा यस्तै उथलपुथल भैरहन्छ । मलाई प्रतिक्रियावादीहरु (काँग्रेस-?)ले धेरैचोटी घेराबन्दीमा पारे । म घेराबन्दी तोडेर निस्कें । अझैपनि घेराबन्दी गर्दैछ, म फेरिपनि तोडेरै निस्कन्छु । तर कसैले जवरजस्ती गऱ्यो भने लात्ताले हान्छु । 'तित्राको मुखै वैरी' बारीको ठुटामा उक्लेर तिन तिर तित्रिक्क भनेर के कुर्लेको थियो, गुलेलीको एउटा मट्याँग्राले घाँटी नै खित्रिक्क, भने झैं अहिले नै प्रचण्डको घाँटी खित्रिक्क त हुँदैन तर बेला चाँही धेरै टाढा छैन भन्ने बुझे हुन्छ। कामरेड प्रचण्ड, देशको वर्तमान राजनीतिक अवस्था, आर्थिक, सामाजिक, सांस्कृतिक एवं धार्मिक परिस्थिती, छिमेकी मुलुकहरुसँगको सम्बन्धसमेत दिनहुं ओरालो लागेको अहिलेको यो अबस्थालाई मनन गर्दा स्वर्ग जस्तो हाम्रो मुलुक आगामी केही दिनमै एकादेशको मुलुक भन्ने दिन नआउला र ? प्रचण्ड कामरेड, तपाइहरुले गणतन्त्रको नाममा खोलानाला बेचैकै छ। उधोग धन्दा बन्द गराएकै छ। युवाशक्ति विदेशीलाई बेचेकै छ । लघुवित्त, सहकारी, ग्रामिण बैंक तथा निजी बैंकको चर्को व्याजले गरिव किसान तथा सर्वसाधारणको घरबार लुटिएकै छ । ऋण तिर्न नसकेर दिदीबैनी झुन्डिएर मरेकै छ । आत्मदाह गरेकै छ। निरिह बालबच्चा काखी च्यापेर खोलामा हाम फालेकै छ । मिटरव्याजी पिडीतहरु झापा र महेन्द्रनगरबाट १ महिने पैदल यात्रा गरेर न्याय माग्न काठमाण्डौ छिर्दा उनीहरुको पाइताला र कुर्कुच्चा पटपटी फुटेर रगताम्य भएको छ, खुट्टा सुन्निएर हिडनै नसक्ने भएको छ, पिउने पानी, खाना र उपचारको अभावमा भटाभट विरामी पर्न थालेको छ, तर उनीहरुको पीडा सुन्नुको सट्टा खोरमा जाकेको छ । प्रचण्ड कामरेड, यो भन्दा कति ल्याउने उथलपुथल ?

त्यत्तिले पुगेन, एमसीसीको नाउमा अमेरिकन बुट नेपाली भुमिमा बजारेकै छ । पश्चिम नेपालको चादनी, दोधरा, लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायत नेपालको लाखौं हेक्टर जमीन भारतीय विस्तारवादले अतिक्रमण गरेकै छ । रातारात दशगजाहरु सारिँदै छ । तपाइहरुबाटै नेपालको उधोग, कलकारखाना, एयरपोर्टहरु, हाइड्रो पावरहरु सबै भारतीय कम्पनीहरुलाई दिने निर्णय गरिदैछ । यो भन्दा अर्को उथलपुथल गर्न के बाँकी छ ? भएभरको सबै उद्योग कलकारखानाहरु नै बन्द गराएर कृत्रिम बेरोजगारी समस्या श्रृजना गराएर लाखौं युवाहरुलाई विदेशिन वाध्य बनाएकै छ । गणतन्त्र आएकै १५ बर्ष वितिसक्यो । देश चालाउने जिम्मा लिएका नेताहरुले देश विकासको नाउँमा एउटा उधोग पनि खोल्न नसकेको व्योहोरा पनि जगजाहेरै छ। राजाको शासनकालमा स्थापना गरिएको उधोगहरु नै बन्द गराएर व्यापार, व्यावसाय, खेतीपाती शुन्यताको अबस्थामा पुऱ्याएकै छ । महगी दिनदिनै चुलिएकै छ । भोकमरी दिनहुँ बढ्दै छ । जनताहरु भोकभोकै मर्दैछन । अब उथलपुथल गर्न के बाँकी छ ?

कहिले देउवासंग, कहिले ओलीसँग घाँटी जोडन पुगेको यो नकचरे प्रधानमन्त्री देखि लाज पनि लजाएर कुना पस्छन । कथित दशबर्षे जनयुद्धमा तत्कालिन सरकार प्रमुख देउवासँग दिनै नसकिने ४० बुँदे माँग तेर्स्याउँदै जँगल पसेका प्रचण्ड आफै प्रधानमन्त्री बनेको ३ पटक भैसक्यो। त्यो ४० बुँदे माँग पुरा गर्न कसले रोक्यो ? १७ हजार जनता मारेर शहिद परिवार र घाइते लडाकुहरुलाई आर्थिक सहयोग गर्ने नाउमा ल्याएको करोडौंको धनराशि कता पुग्यो ? कति जनाले पायो राहत ? शहिद परिवार र घाइते लडाकुहरुलाई यसरी ढाँटेर हिप्नोटाइज गर्न सक्नु पनि त उथलपुथल नै हो । देशको राष्ट्रियता, सार्वभौमसत्ता, सँप्रभुत्ता, राष्ट्रियता, धर्म, संस्कार र संस्कृति सबै मास्ने, जातिजातिमा अन्तरद्धन्द चर्काउने, धर्मको नाउँमा एकापसमा लडाउने, अस्थिरता सृजना गर्ने षडयन्त्रकारी कला अति निन्दनीय र तुच्छ कला हो तर पनि त यो एउटा उथल पुथल नै हो ।

भ्रष्टाचार र कमिशन काण्डले चुलिएको यो मुलुकमा देश र जनताको विकास कहिल्यै हुदैन । मान्छे तिनै हुन तर छेपारो झै रंगरुप बदलेर देश लुटन पल्केका नरपिचासहरुलाई नपन्छाएसम्म यो देशको जनताले कहिल्यै मुक्ति पाउने छैनन । यस किसिमको ज्यादती र राष्ट्रघाती सरकार रहिरहेमा हामी नेपालीले नेपाली हौं भन्ने गर्व त्याग्नु पर्ने र विदेशी दलालको गुलाम बन्नु सिवाय अरु विकल्प केही देखिदैन । राष्ट्रघाती, विदेशी दलाल र भ्रष्टचारीहरु जस्ता कसिङ्गरलाई नबढारेसम्म यो देशमा सुख, शान्ति तथा समृद्धिको कल्पना पनि गर्न सकिदैन । त्यसैले राष्ट्रघाती, विदेशी दलाल र भ्रष्टचारीहरुलाई जेल कोच्दै देशमा आमुल परिवर्तन ल्याउन हामीबाटै उथल पुथलको काम सुरु गर्नुपर्दछ ।

प्रधानमन्त्रीले बोलेको एउटा कुरा अत्यन्त स्मरणयोग्य छ । 'म रहुन्जेल यस्तै उथलपुथल भै रहनेछ ।' मलाई प्रतिक्रियावादीहरुले धेरैपटक घेराबन्दीमा पार्ने कोशिस गरे, तर मैले घेरा तोडेर निस्कें। अझैपनि तोडनेछु। धेरै निहुं खोजे लात्ताले हान्न पनि जानेको छु। आदरणीय पाठकहरु, यो वाक्यको आशय के हो ? देशको प्रधानमन्त्रीको मुखारविन्दुबाट यस्तो शब्द निस्कनु शोभनिय होला ? ऊ बाँचुन्जेल यस्तै उथलपुथल भइरहने हो भने यो देशले विकास अनि जनताले सुख, शान्ति, समृद्धि तथा स्थिरताको निकास चाहीं कहिले पाउने ? यदपि उहाँको बोलिमा म जस्तोसुकै परिस्थितीको घेरामा परेपनि सजिलै निस्कनु सक्छु, भन्न खोजिएको झलक पाइन्छ तर यो कुरा यत्तिमा नै सीमित हुँदैन। उहाँको बोलिमा निकृष्टता, धुर्त्याईं, क्षुद्रता, क्रोध, इर्ष्या, द्वेष, धुर्तता, द्धन्द, षडयन्त्र, घृणा, कटुता, निर्दयता, बेइमानी र स्वार्थपनको झलक प्रशस्त पाइन्छ। देशप्रतिको माया, ममता, सहनशिलता, इमान्दारिता तथा सौम्यताको अभाव देखिन्छ भने जनताप्रतिको माया, जिम्मेवारी र विश्वसनियता उहाँमा र त्तिभर पनि देखिदैन। उहाँको अहिलेसम्मको व्यवहारलाई नियाल्ने हो भने पनि यो कुराको पुष्टि हुन्छ। १७ हजार मानिसको बलिदानबाट अझैपनि सन्तुष्ठ भएको देखिदैन। ऊ महास्वार्थी भएको र आफ्नो स्वार्थ पुरागर्न जे गर्नपनि तयार रहेको आभास हालैको सत्तासमिकरणबाट पुष्टि हुन्छ । देशै बेच्न पनि तयार रहेको मानसिकता देखिन्छ । अझैपनि रक्तपात मच्चाउन उद्धत देखिइन्छ। यस्तो व्यक्तिबाट राज्य र जनताले भरोसा राख्नु व्यर्थ हो र हरेक नागरिकले सचेतना अपनाउनै पर्दछ। नत्र जुनसुकै अबस्थामा पनि दुर्घटना हुन सक्छ। किनकी उहाँ अझैपनि उथल पुथल गर्न तम्तयार हुनुहुन्छ ।

भन्नै पर्ने एउटा कुरा हो राष्ट्र, राष्ट्रियता, धर्म, संस्कार र संस्कृति बचाउँ । गणतन्त्रात्मक संघीयता, राष्ट्रिय सभा र प्रदेश सभा भगाउँ । राजसंस्था सहितको हिन्दु राष्ट्र ल्याउँ भन्ने मूलनारा राप्रपाले बिर्सिसक्यो । ओलीको आशिर्वाद थाप्नेले माथि उल्लेखित वाक्यलाई कहिल्यै आत्मसात गर्ने छैन । यसकारण राप्रपाले आमीलाई साथ दिनेछ भन्ने भ्रममा नपरौं । अब हामीले कुनैपनि उत्तरपन्थी, दक्षिणपन्थी, वामपन्थी, झ्वामपन्थी, उदारवादी वा सुधारवादी चिन्तनमा नलागी एकदमै विशुद्ध नेपाली माटो, नेपाली हावापानी, नेपालको राजनीति र शोषित, पीडित नेपाली जनताको दुख तथा पीर मार्कालाई मुटुभित्र राखेर कहीं कतै, कसैको पक्षधर नबनी वा कुनै विदेशी शक्तिको बैसाखीको सहारा नलिइ आफ्नै मौलिकता झल्किने आत्मनिर्भररुपी जनताको लोकतान्त्रिक सिद्धान्त प्रतिपादन गर्न आजको आबश्यक्ता हो। जुन सिद्धान्तले साहु महाजनहरुको मामुली ऋण तिर्न नसकी आत्मदाह गर्न नपरोस, रुखमा झुन्डिन नपरोस, खोलामा हाम फाल्न नपरोस, विषसेवन गर्न नपरोस, भोकोपेट र नाँगो आङ ढाक्नकै लागि विदेशिन नपरोस, जीवन र मृत्युको दोसाँधमा अल्झिएको भूईंमान्छेहरुलाई जीवन प्रदान गर्ने जनताको लोकतान्त्रिक सिद्धान्तको प्रतिपादन गर्न सकोस । यस किसिमको चिन्तनको आबश्यक्ता महशुस भएको हुँदा गरिव, दुखी, सर्वहारा तथा भूईंमान्छेहरुलाई सुहाउने जातिय विभेदरहित र सामाजिक सदभावसहितको राज्यव्यवस्था स्थापना गर्ने जसभित्र अन्याय, अत्याचार, भ्रष्टाचार, कुशासन, विसँगती, घुसखोरी जस्ता सोंचले स्थान नपाओस, सर्वधर्म समभावको मान्यतालाई सर्वोपरी मान्दै राष्ट्रिय सभा र प्रदेश सभा बिनाको लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्नैपर्ने देखिन्छ। राष्ट्रको राष्ट्रियता र सार्वभौम संप्रभुत्ताको सुरक्षा कवजको रुपमा राजाको अपरिहार्यतालाई स्वीकार गर्दै नेपाली जनता एवं नेपाली नागरिकको भलाइको पक्षमा उभिने एउटा निडर, निश्पक्ष र स्वतन्त्र अभियानको रुपमा एउटा खबरदारी मञ्चको अपरिहार्यता महशुस भएको र सो उद्धेश्य प्राप्तीका लागि महाअभियन्ता श्री दुर्गा प्रसाईद्वारा नेतृत्व २०७९ फागुन १ गतेदेखि शुभारम्भ भएको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कार, संस्कृति तथा नागरिक बचाउ महाअभियान नै एकमात्र अस्त्र भएकोले हामी समस्त देशभक्त नेपालीहरु यसैमा आबद्ध हुन अनुरोध गर्दै कुलँघारे राष्ट्रघाती नेताहरुलाई जनताको कानुनको कठघरामा उभ्याउन र कडा भन्दा कडा सजाय दिलाउन देशव्यापी अभियान हामीबाटै सुरु गर्नुपर्ने हुन्छ । त्यसैले उथल पुथल हामी सुरु गर्छौं । तपाइले होइन, प्रचण्ड कनामरेड !

*संस्थापक अध्यक्षः राष्ट्रिय स्वतन्त्र नागरिक मञ्च, नेपाल*

# महाशिवरात्रिको आध्यात्मिक महत्व

डा. राजु अधिकारी

महाको अर्थ 'महान' र रातिको अर्थ 'अज्ञानताको रात' हो । जब अज्ञान र अन्धकारको रात हुन्छ, तब शिव आउने विश्वास गरिन्छ। शिव र शक्ति दुई मूल शक्ति छन् । शिव भनेको आदि शक्ति हो । प्रकृतिलाई चढाउने शक्ति हो ।

शिवमा दुई अक्षर छन्, शिव । 'शि' भनेको चेतना र 'व' भनेको जान्नु हो । त्यो महाचेतनालाई जान्न प्रयत्न गरिने सबैभन्दा अनुकूल र शानदार दिन शिवरात्रि हो । शिवको मूल अर्थ कल्याणकारी हो । जसले कल्याण गर्छ । जसले हाम्रो उद्धार र उपकार गर्छ, जसले हामीभित्रको कमीकमजोरी र तुच्छतालाई हटाउँछ । त्यो शिव हो । यही उनको लीला स्मरण शिवरात्रिको दिन गरिन्छ ।

### किन मनाइन्छ शिवरात्रि ?

शिवसँग रात शब्द जोडिएको छ । किनभने उनले अज्ञानको कालो रातमा संसारमा आउने विश्वास गरिन्छ । जब मानवसहित सारा संसार अज्ञानताको रात अर्थात् मायाको नियन्त्रणमा आउँछ, जब पाँच विकृतिको प्रभावले सबै आत्मा अपवित्र हुन्छन्, जब हामीले पवित्रता र शान्तिको साँचो धर्मलाई बिर्सिन्छौं । तब आध्यात्मिक वास्तविक पहिचान हराउँछ। यस्तो समयमा मात्र भगवानले हामीलाई जगाउन, सम्पूर्ण मानवताको उत्थान गर्न र सम्पूर्ण विश्वमा शान्ति, पवित्रता र प्रेमको सत्य धर्मको पुनः स्थापना गर्न सामान्य शरीरमा प्रवेश गर्ने पूर्वीय दर्शनले भन्छ ।

हाम्रो जीवनमा पनि दुई शक्तिले काम गरेको हुन्छ। एउटा प्राण शक्ति र अर्को जीवन शक्ति । प्राण शक्तिलाई बिस्तारै उठाएर महाप्राणमा माथिल्लो चेतनासँग जोड्न शिवरात्रि अत्यन्त महत्वपूर्ण छ ।

भनिन्छ, शिवरात्रिको रातमा हाम्रो आत्मा र प्रकृतिको दूरी घटेको हुन्छ । प्रकृतिको ऊर्जासँग जीवनको ऊर्जा मिसिएको हुन्छ । त्यसकारण अरुबेला प्रकृतिबाट टाढा जाने ऊर्जाको लय, गति वा तरंग यतिखेर नजिक आइरहेको हुन्छ । त्यसकारण शिवरात्रिमा उत्सव मनाउँदा ऊर्जावानको अनुभूति हुन्छ ।

....बाँकी पृष्ठ ३ मा

# प्रदेशको विभिन्न जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका-३, अग्रेटामा बाटोबाट लड्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा २८ वर्षीय क्षितिज मोक्तान रहेको प्रहरीले जानकारी दिएको छ। मोक्तान बिहीबार महाभारत गाउँपालिका-४, ठाडेमा आफन्तको घरमा बिवाहको लागि आएका थिए।

शुक्रबार बिहान ९ बजेको समयमा स्थानीयहरु घाँस काट्न जाने क्रममा हेर्दा मोक्तान गोरेटो बाटोबाट एक सय मिटर तल मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल पठाइएको छ।

सिन्धुपाल्चोक जिल्लाको चौतारा सागाँचोकगढी नगरपालिका-१२, तेहेरेमा रहेको सुनकोशी नदीमा एक जना पुरुषको शव फेला परेको छ। शुक्रबार बिहान ११ बजेर ५५ मिनेटको समयमा हाल नामथर नखुलेको अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल चौतारा लगिएको छ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको चौतारा सागाँचोकगढी नगरपालिका-१३, ठूलो सिरुबारीमा एक जना वृद्ध मृत फेला परेका छन्। मृत फेला पर्नेमा ८४ वर्षीय जीतबहादुर श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। श्रेष्ठ आफूखुसी घरबाट निस्की हिँडेकोमा आफन्तले खोजतलास गर्दै जाँदा शुक्रबार बिहान ८ बजेको समयमा खेतबारीमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

# सहकारीको ऋण चुक्ता गर्न मन्त्रालयको आग्रह

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले सहकारी संस्थाका ऋणी सदस्यहरूलाई ऋण चुक्ता गर्न अनुरोध गरेको छ। मन्त्रालयले सूचना निकालेर जुन सम्झौता वा शर्तअनुसार ऋण लिएको हो, त्यसैअनुसार ऋणको सावाँ र ब्याज सम्बन्धित सहकारीमा समयमा नै भुक्तान गर्न ऋणी सदस्यहरूलाई आग्रह गरेको हो।

मन्त्रालयले विभिन्न बहानाबाजी एवम् ऋण तिर्नु नपर्नेजस्ता भ्रामक र गैरजिम्मेवार अभिव्यक्तिको पछाडि नलाग्न पनि अनुरोध गरेको छ। यस्ता अभिव्यक्तिको पछाडि लागेर ऋण चुक्ता नगर्ने परिपाटीले सदस्यको बचत फिर्ता गर्न असहज भएको भन्ने गुनासो प्राप्त भएको भन्दै मन्त्रालयले कर्जा चुक्ता गर्न आग्रह गरेको हो।

ऋणी सदस्यले समयमा नै ऋण भुक्तान नगरे सहकारी संस्थाको ऋण असुली सम्बन्धमा बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६५ र ६६ बमोजिम ऋणी सदस्यको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्थासमेत रहेको हुँदा प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवम् मापदण्डको बर्खिलाप नहुने गरी कर्जा चुक्ता गर्न मन्त्रालयले अनुरोध गरेको हो।

# नवोदयको अभिभावक भेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविको २८ औं अभिभावक दिवस शनिबार भएको छ। विद्यालयले चरणवद्धरुपमा अभिभावक दिवस मनाउने क्रममा शनिबार कक्षा-४, ५ र ६ का अभिभावक भेला गरेको हो। विद्यालयका शैक्षिक निर्देशक मनोज थिङको अध्यक्षता तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो।

अभिभावक दिवसको अवसरमा विद्यार्थीले नृत्य, गायन तथा उद्घोषण कला प्रस्तुत गरेका थिए। अभिभावकको सहजता र सबै विद्यार्थीको कला प्रस्तुतीका लागि चरणवद्ध अभिभावक भेला गरिएको विद्यालयले जनाएको छ। अभिभावक भेलामा सहभागी अभिभावकले विद्यालयको शैक्षिक क्रियाकलाप सन्तोषजनक रहेको प्रतिक्रिया दिएका छन्। हेटौंडा-११ का धर्मराज स्याङ्तानले आफ्ना दुई छोरी अध्ययनरत विद्यालयले राम्रो क्रियाकलाप गरिरहेको र आफू सन्तुष्ट रहेको प्रतिक्रिया दिनुभयो।

हेटौंडा-९ की करुणा मिश्रले अभिभावकको अपेक्षाअनुसार नियमित पठनपाठन र क्रियाकलापहरु भइरहेको प्रतिक्रिया दिनुभयो। हेटौंडा-९ कै किसन न्यौपानेले विद्यालयको क्रियाकलाप राम्रो रहेको र अब विद्यालयका क्रियाकलापसँग बालबालिका अभ्यस्त भएका कारण अन्य विद्यालय लगे पनि समावेश हुन अनुकुल नहुने अवस्था रहेको बताउनुभयो।

# *महाशिवरात्रिको...*

हामीसँग अनेकौं प्राणशक्तिको रुप छ। शरीरमा पनि धेरै किसिमका अग्नि छन्। कागनि, देहाग्नि, प्राणग्नि। यी अग्निलाई हामी त्यो रात आगो तापेर भित्रको अग्निलाई जगाउँछौं। जसकारण यो पर्व निकै महत्वपूर्ण छ।

**शिवरात्रिमा भाङ र धतुरो**

भाङ शब्द भंगबाट आएको हो। बुझ्ने हो भने बाहिरी नसा खाएर लठ्ठ परेर हरे महादेव बोलो बमबम भन्दा पनि भित्रको मोहलाई भंग गर्ने दूष प्रवृति र आशक्तिलाई भंग गर्ने, अज्ञानलाई भंग गर्ने र पशु प्रवृतिलाई भंग गरेर शिव शक्तिमा एकाकार हुनलाई भंग चेतनामा रहिन्छ। त्यो भंगलाई अपभ्रंश भएर भंगलाई भाङ भनियो। कारण भाङ भनेको भाङ खाएर लठ्ठ हुने भनेर गलत बुझियो। वास्तवमा बाहिरी मोह, आशक्ति, आभूषण, आकर्षण र बाहिरी तडकभडक जस्ता तिष्षा भंग गर्ने शिवरात्रि भएर यसलाई भाङ भनिएको हो।

त्यस्तै धातुबाट धतुरो शब्द आएको हो। धातु भनेको हाम्रो चेतना र जीवनको मूल हो। चेतनाको मूलमा फर्किन शिवरात्रिको दिन विशेष छ। यसरी जो चेतना र जीवनको मूलमा फकिन्छ ती मानिस धतुरो खाए जस्तो शिवआनन्दको मूलमा रहन्छन्। ध्यानमा लठ्ठ र मग्न भए जस्तो देखिन्छ। त्यसकारण शिव आनन्दको धतुरो लिनुपर्ने तर अधिकांश वनस्पति धतुरो खाएर मात्तिन्छन्। जसकारण यो धतुरो र भाङको अपभ्रंशलाई सुधार्नुपर्ने देखिन्छ।

**जुन शरीरमा शिव तत्व हुँदैन। त्यस शरीर शवमा रुपान्तरण हुन्छ। किन ?**

जीवलाई जीवन भर्ने तत्व शिव तत्व हो। जसबाट शिव तत्व निस्किएमा शरीर निर्जीव हुन्छ। शिवलाई बिर्सिएर मानिस आफ्नै शवको भारी बोकेर लिएर हिंडेको जस्तो भएका छन्। अर्थात् शिवको जस्तो उपकार, प्रेम, भावना, सहयोग र कल्याण जस्तो भाव मानिसमा हुँदैन। मानिस शान्त र आनन्दित हुँदैन। तसर्थ, यो पर्व जिउँदो शरीरलाई शवको भारी हुन जोगिन मनाइने पर्व हो।

**शिव र शंकर**

हरेक गाँउ, टोल र धाममा शिवालय मन्दिर छन्। शिव दुईरुपले प्रकट छन्। साकार र निराकार। साकार भनेको शिव र निराकार भनेको शंकर हो। जो शिवलिङ्गको रुपमा देखिन्छ त्यो शंकरको रुप हो। जो बाघको छाला, सर्प, जट्टामा गंगा र अनुहारमा क्रोध र हातमा त्रिशूल र डमरु बोक्ने शिवरुप हो।

शिवको बाहिरी रुपको मात्र उपासना नगरेर बाहिरी रुप शंकरको पनि उपासना गरिन्छ। शिव लिङ्ग भनेको मिलन र समागन हो। यो शक्तिलाई केन्द्रीकृत गरेर प्रकृतिमा सय प्रजनन् गर्ने शक्ति शिव लिङ्ग हो। जसकारण यी दुवै रुपको यस दिन पूजाआजा गरिन्छ।

शिव प्रकृतिप्रेमी छन्। उनी तपस्या गर्न हिमाल, नदी र गुफामा बस्छन्। जो शिवको उपासना गर्छन्। उनीहरु प्रकृतिप्रेमी बन्छन् भनिन्छ।

रातमा जाग्राम


शिवलाई स्नेहपूर्वक याद गर्नाले सबै पापबाट मुक्त हुन जनविश्वास छ। अहिले सारा विश्व अज्ञानताको गहिरो रातमा सुतेको बेला कर्मप्रति पूर्ण जागृत बनाउन शिवरात्रिमा रातभर जाग्राम बसिन्छ।

आजभोलि चेतना र मानिसको सोच कमजोर भइरहेको छ। यस्तोमा शिव उच्चकोटी, आदि चेतना र आदि योगी र आदि शक्ति हो।

यस्तोमा पाँच विकृतिको प्रभावबाट मुक्त रहने र दुष्ट कर्मद्वारा प्राप्त दुःखकष्टलाई आह्वान नगर्ने संकल्प गरी निरन्तर राम्रो र पुण्य कर्म गर्ने शिवरात्रिको सन्देश हो।

*(डा. अधिकारी योग तथा जीवनशैली प्रशिक्षक हुन्। स्रोतः अनलाईखबर)*


# सादर आमन्त्रण



मेरा पुजनीय श्रीमान् **बद्रि खड्का**को मिति २०८० साल फागुन १६ गतेका दिन स्वर्गारोहण हुँदा हामीप्रति दुख व्यक्त गरी समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको बेला सागरमा पुग्नुहुने सम्पूर्णमा १३ औं पूण्यतिथिमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं।

**तपसील**

मितिः २०८० फागुन २८ गते
समयः दिनको २ बजेपछि
स्थानः हेटौंडा-१, राप्तीरोडस्थित निवास।

**भवदीय**
**श्रीमति संगीता खड्का**

# हार्दिक समवेदना



जन्मः २००१/१०/०१
स्व. बद्रिलाल श्रेष्ठ
स्वर्गारोहणः २०८०/११/१५

यस हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको प्रशासन प्रमुख कृष्णगोपाल श्रेष्ठका पुजनीय बुबा **बद्रिलाल श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामनासहित स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस परिवार**
**हेटौंडा-४, मकवानपुर**

# हार्दिक श्रद्धाञ्जली



जन्मः २००१/१०/०१
स्वर्गारोहणः २०८०/११/१५
स्व. बद्रिलाल श्रेष्ठ

यस आधुनिक राष्ट्रिय माविका शिक्षक कृष्णगोपाल श्रेष्ठका पुजनीय बुबा **बद्रिलाल श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामनासहित स्वर्गीय बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**मोहमद समीम**
अध्यक्ष, वि.व्य.स.

**रामसागर गुरागाई**
प्रधानाध्यापक

एवम्

**आधुनिक राष्ट्रिय मावि परिवार**
**हेटौंडा-४, मकवानपुर**

# हेटौंडा भेट्रान्स फुटबलको उपाधि वानेश्वरलाई



समाज संवाददाता

हेटौंडाः हेटौंडा भेट्रान्स क्लबको आयोजनामा भएको नवौं संस्करणको ८ 'ए' साइड भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि वानेश्वर भेन्ट्रान्स फुटबल क्लबले जितेको छ । शनिबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको फाइनल खेलमा काठमाडौंको किङ कम भेट्रान्स क्लबलाई १-० गोल अन्तरले हराउँदै बानेश्वर भेट्रान्स क्लबले उपाधि जितेको हो ।

हरिहर थापाले प्रतियोगिताको अन्तिम समयमा गरेको निर्णायक गोलमा बानेश्वर भेट्रान्सले उपाधि जितेको हो । प्रतियोगिताको उपाधि विजेताले १ लाख ११ हजार रुपैयाँ र उपविजेताले ५५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । विजेता र उपविजेता टिमलाई हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले पुरस्कार वितरण गर्नुभएको हो ।

खेलको म्यान अफ द म्याच निर्णायक गोलकर्ता हरिहर थापा घोषित भएका छन् । यस्तै, प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै किङ कम भेट्रान्स क्लबका जगमान लामाले नगद १० हजार रुपैयाँ प्राप्त गर्न सफल भएका थिए । उत्कृष्ट गोलरक्षक बानेश्वर भेन्ट्रान्सका प्रदीप लामा, उत्कृष्ट डिफेन्डर महेन्द्र विश्वास खवास, उत्कृष्ट मिडफिल्डर विपिन शाही, उत्कृष्ट फरवार्ड हरिहर थापा र उत्कृष्ट प्रशिक्षक आदर्श मल्ल घोषित भएका छन् । विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेका छन् । प्रतियोगितामा १८ वटा क्लबहरुको सहभागिता रहेको थियो ।

हेटौंडा भेट्रान्स क्लबका अध्यक्ष नवराज बज्राचार्यको सभाध्यक्षमा प्रतियोगिताको समापन भएको हो । प्रतियोगिताको समापन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, पूर्वकार्यालय प्रमुख राजन दहाल खुशराज र वरिष्ठ पत्रकार प्रताप विष्टलगायतको आतिथ्य थियो ।

शुक्रबार सम्पन्न भएको सेमिफाइनल खेलमा पोखरा एबीसी भेट्रान्सलाई हराउँदै किङ कम भेट्रान्स फाइनमा प्रवेश गरेको थियो भने शुक्रबार नै भएको दोस्रो सेमिफाइनल खेलमा पोखराको बगरभाइ खलक भेट्रान्सलाई टाइब्रेकरमा ३-२ गोल अन्तरले हराउँदै बानेश्वर फाइनलमा प्रवेश गरेको थियो ।

### स्वर्गीय अष्टकुमारी स्मृति क्याम्पसस्तरीय क्रिकेट प्रतियोगिता सुरु

# उद्घाटन खेलमा हेटौंडा स्कूल अफ म्यानेजमेन्ट विजयी

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाको आयोजनामा स्वर्गीय अष्टकुमारी शाक्य स्मृति टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । शनिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले गर्नुभएको हो ।

हेटौंडा-४, हुप्रचौरमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टले विजयी सुरुवात गरेको छ । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १ सय १३ रन बनाएको थियो । सिटी कलेजको तर्फबाट सुमित पाठकले ३६ रनको योगदान दिएका थिए । समिर सापकोटाले २३ रन बनाएका थिए । यस्तै, सुमन श्रेष्ठले २३ रन बनाएका हुन् । बलिङतर्फ म्यानेज मेन्टबाट राजा अहमदले ३ विकेट लिएका थिए । गौरव श्रेष्ठ र प्रान्तल उपाध्यायले समान २-२ विकेट लिएका थिए ।

सिटी कलेजले दिएको १ सय १३ रनको लक्ष्य पछ्याएको म्यानेजमेन्टले १५ ओभरमा २ विकेट गुमाएर लक्ष्य भेट्टायो । म्यानेजमेन्टको जितमा युविन बुढाथोकीले सर्वाधिक ६२ रन बनाएका हुन् । यस्तै, विशेष थापाले ३३ रन बनाएका थिए ।

शनिबारै भएको दोस्रो खेलमा सिमरा कलेजलाई ३६ रनले हराउँदै नेशनल इन्फोटेक विजयी भएको छ । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेशनल इन्फोटेकले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय १८ रन जोड्न सफल भएको थियो । इन्फोटेकका ननथन यादवले ३८ रन जोड्न सफल भएका थिए । यस्तै, राहुल महतोले २४ रन बनाएका थिए । यता बलिङतर्फ संस्कृत्य अधिकारीले सर्वाधिक ३ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको सिमरा कलेजले १९ ओभरमा १० विकेट गुमाएर ८२ रनमात्र जोड्न सफल भएको थियो । सिमराबाट विनायक आचार्यले १७ रन बनाएका थिए । बलिङतर्फ अरव हुसेनले ३ विकेट लिएका हुन् ।

लिगकम नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ५ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुले समेत पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल मंगलबार हुनेछ ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षता रहेको थियो । कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी, मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोद बानियाँ, जेसीआई चैनपुरका अध्यक्ष रवीन ढकाल, खेलकुद पत्रकार मञ्च मकवानपुरका उपाध्यक्ष सुवास बिडारी र वरिष्ठ पत्रकार प्रताप विष्टलगायतको आतिथ्य रहेको थियो ।

# "व्यथाभित्रको कथा" को गृहविमोचन

समाज संवाददाता

हेटौंडाः लघुकथाकार श्यामप्रसाद श्रेष्ठको कृति "व्यथाभित्रको कथा" को गृहविमोचन कार्यक्रम सम्पन्न भएको छ । एक साताअघि पोखरामा विमोचन गरिएको कृति हेटौँडामा मातृभूमि साहित्य समाज मकवानपुरको आयोजनामा हेटौँडामा गृहविमोचन कार्यक्रम भएको हो ।

मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष कृष्णप्रसाद दाहालको अध्यक्षता तथा साहित्यकार आरआर चौलागाईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । श्रेष्ठको कृतिमाथि समीक्षक घनश्याम घिमिरे र साहित्यकार हयग्रीव आचार्यले समीक्षा गर्नुभएको थियो । श्रेष्ठको कृतिमा ५७ वटा लघुकथा समेटिएका छन् । श्रेष्ठका यसअघि दुईवटा नाटक कृति "होसियार" र "अभियान" सँगै अर्को कृति नेपाल आमा प्रकाशित छन् । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्य संगम मकवानपुर का अध्यक्ष डीबी बर्तौला, आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटाको पनि आतिथ्य रहेको थियो ।

# बागमती माविमा नयाँ समिति

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-२, राईगाउँस्थित बागमती माविको विद्यालय व्यवस्थापन समितिमा अभिभावकको प्रतिनिधि ४ जना सदस्य चयन भएका छन् । विद्यालयको नयाँ व्यवस्थापन समिति चयनका लागि शुक्रबार निर्वाचन भएको थियो ।

निर्वाचनबाट सदस्यमा बच्छु गोले खड्का (१७२ मत), सिर्जना श्रेष्ठ (१७४ मत), जीवन पहरी (१६४ मत) र अनिता बराल (१५५ मत) निर्वाचित हुनुभएको छ । सदस्यका आकांक्षी जगतबहादुर भोलन, भगवती राना र कमला राई पराजित हुनुभएको छ । सदस्यमा पराजित भोलनले १ सय ३८ मत पाउनुभयो । भोलन बागमती-२ का निवर्तमान वडाध्यक्षसमेत हुनुहुन्छ । सर्वसम्मतरुपमा नयाँ समिति चयन हुन नसकेपछि अभिभावकहरुले मतदान गरेका थिए । निर्वाचनमा ४ सय २१ मतदाता रहेकोमा ३ सय ३० मतमात्र खसेको थियो भने १५ मत बदर भएको थियो । अभिभावकबाट निर्वाचित ४ जना सदस्य, शिक्षक प्रतिनिधि र प्रधानाध्यापक सम्मिलित समितिले शिक्षासेवी, समाजसेवी, विद्यालयका सहयोगीमध्येबाट २ जना मनोनित गरेपछि व्यवस्थापन समितिको अध्यक्ष चयन गरिनेछ । त्यसका लागि केही दिनमै व्यवस्थापन समितिको बैठक बस्ने जनाइएको छ ।

# एमालेको वडा कमिटी भवन उद्घाटन

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको वडा कमिटी भवनको उद्घाटन भएको छ । हेटौंडा उपमहानगरपालिका-८, कमानेमा नेकपा एमाले हेटौंडा उपमहानगर ८ नम्बर वडा कमिटीको नवनिर्मित भवन उद्घाटन भएको हो ।

शनिबार नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य गोपाल श्रेष्ठले भवनको उद्घाटन गर्नुभएको हो । भवनको उद्घाटन गर्नुहुँदै श्रेष्ठले मुलुकले आर्थिक संकट व्यहोरेकाले सामाजिक सांस्कृतिक रुपान्तरणमा लाग्नुपर्नेमा जोड दिनुभयो । देशमा धेरै परिवर्तन गर्न आवश्यक रहेको उहाँको भनाइ छ । मुलुकमा अझै पनि मानिसमा भोक र रोगले ग्रसित रहेकोमा उहाँले टिप्पणीसमेत गर्नुभयो । मुलुमा अझै पनि विभिन्न क्षेत्रमा विभेद रहेकाले अन्त्य हुन जरुरी रहेको उहाँको भनाइ छ ।

भवन उद्घाटन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एवम् जिल्ला कमिटी अध्यक्ष एकालाल श्रेष्ठले बागमती प्रदेश सरकारमा नेकपा एमाले सहभागी हुने बताउनुभएको छ । विगतमा बन्धनको रुपमा रहेको गठबन्धनबाट देशले मुक्ति पाएको बताउँदै एमालेले सरकारमा सहभागिता जनाउँदा सकारात्मक परिवर्तन आउने दाबी गर्नुभयो । वर्तमान समयमा आर्थिक संकट, गुणस्तरीय शिक्षाको लागि युवा विदेशिन बाध्य भएकोमा उहाँले दुःख व्यक्त गर्नुभयो । वर्तमान समयमा किसानले उत्पादन गरेको दूधको भुक्तानी नपाउनु देशमा विकराल अवस्था सिर्जना भएको उहाँको भनाइ छ । देशमा मजबुत स्थायी सरकार नहुँदा आर्थिक संकट नहटेको श्रेष्ठको दाबी छ । एमाले सरकारमा गएकाले अर्जुनदृष्टि लगाएर विकास निर्माणको कार्यमा लाग्ने विश्वास दिलाउनुभयो ।

साढे ७ धुर जग्गामा २० लाख लगानीमा ३ कोठे मनमोहन स्मृति भवन निर्माण भएको हो । विभिन्न सहयोग, देउसीभैलोजस्ता कार्यक्रमहरुबाट रकम संकलन गरेर भवनको निर्माण भएको हो । भवन उद्घाटन कार्यक्रम नेकपा एमाले हेटौंडा उपमहानगरपालिका ८ कमिटी अध्यक्ष गोतामे मोक्तानको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य श्रेष्ठ, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य गणेशकुमारी श्रेष्ठ, गैसस महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठक, नेकपा एमाले मकवानपुर जिल्ला शहरी विकास सचिव रमेश पौडेल, अखिल नेपाल महिला संघ (अनेमसंघ) मकवानपुर जिल्ला उपाध्यक्ष यशोदा उप्रेती, अनेमसंघ हेटौंडा उपमहानगरपालिका वडा नं ८ कमिटी अध्यक्ष गोपिनी चैलागाईलगायत पार्टीका कार्यकर्ताहरुको उपस्थित रहेको थियो ।

# २८ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः शनिबार बिहान हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा ५ जना महिला रहेका र २३ जना पुरुष रहेका छन् ।

रक्तदान कार्यक्रम नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडा उपमहानगर पालिका समितिले आयोजना गरेको थियो । रक्तदान कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडा अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा लामाले पनि रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

कार्यक्रममा समितिका अध्यक्ष प्रेमसागर कर्माचार्यको विशिष्ट आतिथ्य रहेको थियो भने हेटौंडा उपमहानगर पालिकाका अध्यक्ष पूर्णप्रसाद अर्यालको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



हार्दिक बधाई



मकवानपुरगढी गाउँपालिकाले ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजना गरेको लोकगीत प्रतियोगितामा सहभागी भई प्रथम स्थान हासिल गर्न सफल यस विद्यालयका शिक्षकको समूहलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।
राजुप्रसाद गौतम, प्रधानाध्यापक
एवम् जाल्पादेवी माध्यमिक विद्यालय परिवार
मकवानपुरगढी-६, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ